नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ४७ २०८० साल भदौ २८ गते बिहीबार (14 Sep. 2023 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : हस्तक्षेप र प्रभावकै कारण... ३ पृष्ठमा : क्यान्सरविरुद्धको 'एचपिभी' ... ३ पृष्ठमा :नयाँ नक्साले हिन्द-प्रशान्त...

# न्यायिक समितिमा डाक्नेश्वरीका नगर प्रमुखसहित २४ जना विरुद्ध उजुरी



**दैनिक समाचारदाता**
**राजविराज, २७ भदौ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका नगर प्रमुखसहित २४ जना विरुद्ध उजुरी सोही नगरपालिकाको न्यायिक समितिमा परेको छ ।

निजी जग्गामा जबरजस्ती सडक बनाउन खोजेको भन्दै एक पीडितले जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरी सोही नगरपालिकाको न्यायिक समितिमा रेफर गरिएको हो ।

सो नगरपालिका वडा नं. ८ का ५० वर्षिय उपेन्द्र प्रसाद साहले नगरप्रमुख रामलखन मुखिया सहित २४ जना विरुद्ध दिएको उजुरीमा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित पालिका कै न्यायिक समितिमा पठाएपछी बुधवार न्यायिक समितिकी संयोजक समेत रहेकी उपप्रमुख मीरा कुमारी यादवको टेबुलमा उक्त उजुरी आईपुगेको हो ।

उपप्रमुख यादवले सो उजुरी आफु समक्ष आइपुगेको पुष्टी गर्दै शुक्रवार विधिवत दर्ता हुने र त्यसपछी आवश्यक प्रकृया अघि बढ्ने जानकारी समेत दिएकी छिन् ।

अघिल्लो दिन मंगलवार साहले जिल्ला प्रशासन कार्यालयमा बुझाएको उजुरी पत्रमा सहायक प्रमुख जिल्ला अधिकारी लेवन कस्यप अधिकारीले सम्बन्धित पालिकाको न्यायिक समितिमा लेखि पठाउने तोक आदेश गरेपछी उजुरी उपप्रमुख यादव समक्ष पुगेको हो ।

जनता समाजवादी (जसपा) सप्तरीको प्रचार प्रसार डेस्क प्रमुख तथा मधेश प्रदेश समितिका सदस्य समेत रहेका पीडित साहले राजनीतिक आस्थाको आधार तथा पुर्वाग्रही ढंगले नगरप्रमुख मुखियाले आफूलाई दुःख दिने नियतले निजी जग्गामा बलजफती सडक बनाउने प्रयास थालेको गुनासो पोखेका छन् ।

नगर प्रमुख मुखियाका साथै वडा ८ का वडाध्यक्ष सीताराम पण्डित, विरेन्द्र साह, बलदेव साह, सुरेश साह, सुनिल कुमार साह लगायत २४ जना विरुद्ध परेको उजुरीमा जबरजस्ती निजी जग्गामा निर्माण कार्य सूरु गर्न खोज्नेहरुमाथी कारवाही तथा आफ्नो जिऊ धनको सुरक्षा व्यवस्थाको माँग समेत गरिएको छ ।

उजुरीमा आफू र आफ्नो परिवारजनको नाममा रहेको वडा ८ स्थित कित्ता नं. ८६८, १०५५ र किता नं. १५०९ को जग्गा कोशी पम्पनहरको दक्षिणतर्फ एउटै साँध सिमानामा चकलावन्दी भित्रको जग्गा रहेकोमा कृषि प्रयोजनका लागी उक्त जग्गामा अढाई मिटर चौडाई र ८५ मिटर लम्बाई भएको गोरेटो बाटो आफ्नै निजी लगानीमा निर्माण गरी प्रयोग गर्दै आएको उल्लेख छ ।

आफ्नो परिवारद्वारा गरिने खेतीपाती र त्यस स्थल सम्म हलो, गोरु, कृषि उपकरण लगायतका वस्तु लैजान आफैले आफ्नै जग्गामा निजी खर्चमा बनाएको गोरेटो बाटोमा अहिले आएर विपक्षी नगर प्रमुख मुखियासहित २४ जनाले जबरजस्ती सडक फराकिलो बनाउने नाममा तोडफोड सुरु गरेको र प्रतिवाद गर्दा दुर्व्यहार तथा सार्वजनिक मुद्दा लगाई जेल पठाइ दिने धम्की दिएको पीडित साह परिवारको कथन छ ।

उजुरीमा निजी जग्गामा बनाइएको गोरेटो बाटोलाई सार्वजनिक बाटोमा रुपान्तरण गर्न विपक्षीले माटो तथा ग्राभेल समेत हाल्ने काम सुरु गरेको उल्लेख गर्दै गैर कानुनी ढंगले थालिएको काम रोक्न माग गरिएको छ । उजुरी पत्रमा साह परिवारले प्रमाणका रुपमा उक्त जग्गाको जग्गाधनी दर्ता प्रमाण पत्र, नक्शा प्रिन्ट, नागरिकता प्रमाण पत्र लगायतका कागजात समेत पेश गर्दै प्रमाण झुठा ठहरे कानून बमोजिम सजाय भोग्न तयार रहेको समेत उल्लेख गरेका छन् ।

# डीभी भर्ने शिक्षकको जागिर जाने, भविष्यमा सरकारी सेवामा अयोग्य हुने

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ भदौ ।**

सरकारले संसद्मा दर्ता गरेको शिक्षा ऐनले शिक्षकको अनुशासनमा कडा व्यवस्था प्रस्ताव गरिएको छ । ऐनमा विदेशी मुलुकको आवासीय अनुमतिको निवेदन दिएको प्रमाणित भएमा शिक्षकको जागिर जाने व्यवस्था

***बाँकी अन्तिम पृष्ठमा***

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

राजबिराज-९ मलेठ , सप्तरी

मिति :-२०८०/०५/२७

हाम्रा शेयर सदस्यज्युहरुका लागि १२औं साधारण सभा सम्बन्धी सूचना

यस जनज्योति कृषि सहकारी संस्था लि . राजबिराज ९ मलेठ को मिति २०८०/०५/२४गते बसेको बैठकको निर्णयानुसार संस्थाको १२औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन तपसिलका मिति,समय र स्थानमा हुने भएको हुंदा उक्त मिति,समय र स्थानमा उपस्थितिकालागि हार्दिक अनुरोध गरिन्छ ।

तपसिल

मिति :- २०८०/०६/२७ गते शनिवार
समय :- बिहान १० बजे देखि
स्थान :- संस्थाको सेलर मिल

निर्णयानार्थ प्रस्तावित प्रस्तावहरू
१) आ.व.२०७९/०८०को संचालक समितिको प्रतिवेदन माथि छलफल तथा पारित सम्बन्धमा ।
२) आ.व.२०७९/०८०को लेखासुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल तथा पारित सम्बन्धमा ।
३) आ.व.२०७९/०८०को लेखा परिवेक्षण प्रतिवेदन माथि छलफल तथा पारित सम्बन्धमा ।
४) आ.व. २०८०/०८१ को प्रस्तावित कार्यक्रम तथा बजेट माथि छलफल तथा पारित सम्बन्धमा ।
५) आ.व. २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६) शेयर लाभांश, संरक्षित पूंजी फिर्ता कोष तथा अन्य कोषहरू वितरण सम्बन्धमा ।
७) आन्तरिक नीति तथा कार्यविधिहरू संशोधन तथा स्वीकृति सम्बन्धमा ।
८) विनियम संशोधन तथा पुनरलेखन सम्बन्धमा ।
९) सहकारी एकीकरण सम्बन्धमा ।
१०) शेयर शदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।
११) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।
१२) संचालक समिति,लेखा समिति निर्वाचन सम्बन्धमा ।

**पुनश्च :-**
- संचालक समितिको तर्फवाट अध्यक्षिय प्रतिवेदन
- २०७९।८० को वार्षिक प्रगति प्रतिवेदन
- २०७९।८० को लेखा परिक्षण प्रतिवेदन
- २०८०।८१ को वार्षिक बजेट

सबै विवरणहरु संस्थाको Website :-www.janajyoticoop.com.np मा राखिएको छ ।

भवदिय
संचालक समितिको आज्ञाले
मनोज कुमार यादव
व्यवस्थापक

# विद्यालय सञ्चालनको जिम्मेवारी स्थानीय तहमा

काठमाडौं, २७ भदौ (रासस) ।

लामो समयको प्रतीक्षापछि नेपाल सरकारले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रतिनिधिसभामा बुधबार दर्ता गरेको छ । विद्यालयको स्थापना र सञ्चालनको राष्ट्रिय मापदण्ड बनाइ उचित व्यवस्थापनका लागि मन्त्रिपरिषद्बाट पारित गरेर सो विधेयक दर्ता गरिएको हो ।

दर्तापछि विधेयकलाई सङ्घीय संसद् सचिवालयले वेभसाइटमा समावेश गरेको छ । यस विधेयकमा विद्यालय स्थापनाका आधारलाई स्पष्ट र पारदर्शी बनाइएको छ । विधेयकमा निजी लगानीका विद्यालय स्थापना र कक्षा थपको स्वीकृति प्रदान गर्दा स्थानीय तहले तोकेबमोजिम सञ्चालन हुनेछ भने स्थानीय तहले तोकेको शीर्षक र

***बाँकी अन्तिम पृष्ठमा***

## भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टाढौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू-क्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### भ्रष्टाचारले मुलुक खोक्रो बन्दै

मुलुक अहिले भ्रष्टाचारको जालो पर्दै गइरहेको छ । नेपाल बढी भ्रष्टाचार हुने मुलुकहरुको सूचीमा समेत पर्दछ । कम परिश्रम तथा छिटो धनी बनी हाल्ने सपना बोक्नेहरु प्रायः भ्रष्टाचारको हिलोमा फँस्ने गर्दछन् । सरकारी, गैरसरकारी वा व्यापारिक प्रष्ठिान जुनसुकै क्षेत्रमा पनि अहिले भ्रष्टाचार व्याप्त छ । सरकारको अहिलेको चुनौती भनेकै भ्रष्टाचारलाई न्यून गर्नु हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहिले दिनहुँ जसो मुलुकमा विभिन्न भागहरुबाट घुस सहित कर्मचारीहरु नियन्त्रणमा लिइरहेको छ । कार्वाहीमा परे पनि घुस लिने र दिनेको मनोवलमा भने कमी आउन सकेको छैन । आफ्नो काम छिटो गराउनका लागि सेवाग्राहीहरुले नै घुस दिइरहेका हुन्छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो सानो मुलुकका लागि चिन्ताको विषय हो । झन अहिले तीन तहको सरकार आए पनि स्थानीय तहमा भ्रष्टाचार झै मौलाएको विभिन्न समाचार माध्यमहरुमा पढ्न हेर्न र सुन्न पाइन्छ । सिंहदरवार गाउँमा आयो भन्ने गरिए पनि धेरै जसो स्थानीय तहका सम्बन्धमा भ्रष्टाचार बढ्यो भन्ने गुनासो नसुनिएका होइनन् । फेरि असारे विकासलाई निरन्तरता दिंदै कमसल काम र हुँदै नभएका कामको निकाशा हुने गरेको पनि नसुनिएको होइन । यो भ्रष्टाचार सरकारी निकायमा मात्र होइन, गैरसरकारी र व्यापारिक प्रतिष्ठानहरुमा पनि हुने गरेको छ ।

भ्रष्टाचार नियन्त्रण गर्न कानून बनाउने र सो कार्यान्वयन गर्ने पक्ष सरकारले गरे पनि यो घट्नुको साटो बढ्दै गएको छ । तसर्थ यसका लागि कानूनको कडा र इमान्दार पालनाका साथै मानवीय मूल्य र मान्यता तथा नैतिक शिक्षाको बोध गराउनु आवश्यक छ ।

# हस्तक्षेप र प्रभावकै कारण सुर्तीमा कर बढेन : प्रतिवेदन

काठमाडौं, २७ भदौ (रासस) ।

सुर्तीजन्य पदार्थको नियन्त्रणमा उद्योगी व्यवसायीको प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हस्तक्षेप तथा प्रभावित पार्ने कार्य जारी नै रहेको पाइएको छ । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जालले गरेको अध्ययनमा नेपालमा सुर्ती उद्योगले नीतिगत तहमा नै प्रभाव पारेकै कारण सुर्तीको कर वृद्धि हुन नसकेको उल्लेख गरिएको छ ।

विश्वका ८० मुलुकमा गरेको सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेपसम्बन्धी अध्ययन प्रतिवेदन मङ्गलबार सार्वजनिक गर्दै विज्ञले सुर्तीले जनताको स्वास्थ्य मात्रै बिगार्ने नभइ समग्र सामाजिक, आर्थिक अवस्था बिगार्ने बताउनुभयो । ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले महानगरपालिकाभित्र सुर्तीजन्य पदार्थ अन्तर्गत 'हुक्का' सेवन पनि प्रतिबन्ध लगाउन लागिएको जानकारी दिनुभयो । उहाँले "सुर्तीजन्य पदार्थ सेवन गर्नुहुँदैन भन्ने कुरा युवा पुस्तामा व्यापक जनचेतना फैलाउनुपर्छ । यसका लागि सामूहिक प्रयत्नको खाँचो पर्छ । "

कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठनका डा लोनिम प्रसाइँले सुर्तीजन्य पदार्थ नियन्त्रणमा नेपाल सरकारले उच्च प्राथमिकता दिन सुझाव दिनुभयो । उहाँले भन्नुभयो ,"गरिबले सुर्ती र मदिरामा गर्ने खर्च आम्दानीको ५० प्रतिशतभन्दा बढी रहेको पाइएको र उनीहरूले शिक्षा र स्वास्थ्यलाई भन्दा त्यस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका कारण यसलाई प्रतिबन्ध नै गरिनुपर्दछ ।" धूमपान गर्ने व्यक्तिका कारण धूमपान नगर्ने व्यक्तिलाई पनि उत्तिकै असर गर्ने गरेका कारण सार्वजनिकस्थलमा धूमपान निषेध गर्न तीनवटै तहका सरकारले समन्वयात्मक रूपमा काम गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा वरिष्ठ जनस्वास्थ्यविद् प्रा डा शरदराज वन्तले सुर्ती स्वास्थ्यसँग मात्र सम्बन्धित नभइकन बहुआयामिक भएकाले यसले समग्र अर्थतन्त्रमा असर पार्ने स्पष्ट पार्नुभो । जनताको स्वास्थ्य र समग्र जीवन नै खराब पार्ने तत्वलाई राज्यको कर उठ्ने तत्वको रूपमा नलिइकन प्रतिबन्धतर्फ जानुपर्ने धारणा उहाँले राख्नुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा दिपेन्द्ररमण सिंहले सुर्तीमा मात्रै नेपाली जनताले बर्सेनि रु एक खर्ब २१ अर्ब खर्च गर्ने गरेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

नब्बे लाख जनताले सुर्ती सेवन गर्ने गरेको र सुर्ती सेवनकै कारण थप करोडौं रुपैयाँ स्वास्थ्य उपचारमा खर्च हुने गरेको जानकारी दिनुभयो । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जालका राष्ट्रिय संयोजक शान्तलाल मुल्मीले सुर्तीजन्य वस्तुको प्रवर्द्धन र उत्पादन बन्देजको नै आवश्यकता भइसकेको अवस्थामा कानुन बमोजिम सुर्तीमुक्त सार्वजनिकस्थल नै घोषणा गर्न नसकेको बताउनुभयो । सुर्तीजन्य पदार्थलाई बन्देज लगाएको खण्डमा नाफाखोर उद्योगीलाई बाहेक राज्य र जनतालाई फाइदा नै हुने उहाँको भनाइ थियो ।

सुर्ती उद्योगको हस्तक्षेपसम्बन्धी अध्ययनकर्ता समेत रहेका संयोजक मुल्मीले नेपालको कानुनले र सुर्ती नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (एफसिटिसी) गाइडलाइनले पनि कुनै पनि नाममा सुर्तीको प्रचारप्रसार गर्न नपाइने उल्लेख गरे तापनि सुर्ती उद्यमीले चलाखीपूर्ण तवरले ब्राण्डको प्रचार गर्ने, चुरोट सेवन गर्न उत्प्रेरणा दिने, कानुन कार्यान्वयनमा भाँजो हाल्ने काम निरन्तर रूपमा भइरहेको जानकारी दिनुभयो ।

सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेपसम्बन्धी अध्ययनका अर्का अध्ययनकर्ता पूर्णभक्त दुवालले उद्योगीको प्रभावकै कारणले चुरोट सेवनको नियन्त्रण गर्न प्रहरी प्रशासन फितलो देखिएको पाइएको बताउनुभयो । सुर्ती उद्योगले गैरकानुनी तवरले सामाजिक उत्तरदायित्वको नाममा काम गरी प्रचार गर्ने गरेको, विभिन्न चलचित्रहरूमा कलाकारलाई धूमपान गर्न लगाएको, सुर्ती उद्योगीसँग सरकारी निकायको कुनै पनि बैठकमा बस्न नहुने भए तापनि सरकारी निकायले बेवास्ता गर्दै बैठकहरूमा सरोकारवालाका नाममा बस्न दिइरहेको उल्लेख गर्नुभयो ।

स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल बागमती प्रदेशका संयोजक रत्नश्वरी चवालले सुर्तीको कुनै पनि प्रचारप्रसार र प्रवर्द्धन गर्न नहुने कानुनी व्यवस्था हुँदाहुँदै पनि सुर्ती उद्योगले विभिन्न नाममा प्रायोजनमा बजारीकरण गरिरहेको जनाउँदै स्थानीय र प्रदेश सरकार पनि सुर्ती नियन्त्रणमा सङ्घीय सरकारजस्तै निकम्मा रहेको आरोप लगाउनुभयो ।

मधेश प्रदेशका संयोजक पार्थो सरकारले नेपाल र भारत दुवै देशबाट सुर्ती व्यापारलाई क्रमशः कम गर्दै लैजानुपर्ने बताउनुभयो । लुम्बिनी प्रदेश संयोजक पूर्णलाल चुकेले करको नाममा सुर्ती उद्योग खराब होइन भने भ्रम छर्ने काम भइरहेको र विद्युतीय चुरोटले पनि उत्तिकै स्वास्थ्य बिगार्ने तथ्य प्रस्तुत गर्नुभयो । गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीले जनताको स्वास्थ्य अधिकारका लागि नागरिक समाजले निरन्तर दबाब दिई नै रहेको तर सरकारले नसुनेको जस्तो गरिरहेको बताउनुभयो ।

प्रतिवेदन अनुसार सुर्ती उद्योगले सुर्ती नियन्त्रण ऐन र जनस्वास्थ्य ऐनको बर्खिलाप हुनेगरी सुर्ती उद्योगले विभिन्न विद्यालयलाई आर्थिक सहयोग, दिने, एम्बुलेन्स खरिदलगायतमा सहयोग गरेर सुर्ती उद्योग खराब होइन भने भ्रम छर्ने काम गरेको छ ।

# पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप दिइँदै

काठमाडौं, २७ भदौ (रासस) ।

किशोरीलाई बुधबारदेखि पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी' दिइँदै छ । सात प्रदेशका सातवटै अस्पतालबाट १४ वर्ष उमेर पूरा भई १५ वर्ष पूरा नभएका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि खोप 'डेमोस्ट्रेशन'का रूपमा दिइन थालिएको हो । खोप २०६५ भदौ ३० देखि २०६६ भदौ २० गतेम्म जन्मेका किशोरीलाई दिइने छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी'को उद्घाटन परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा आयोजित कार्यक्रमबाट शुभारम्भ गर्नुहुने छ । स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले महिलामा हुने पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि खोप दिइन थालिएको जानकारी दिनुभयो । उहाँका अनुसार छ प्रदेशका छवटा अस्पतालमा र बिहीबार कोशी प्रदेशको कोशी अस्पतालबाट किशोरीलाई एचपिभी खोप दिइने बताउनुभयो ।

बुधबार मधेस प्रदेशको वीरगन्जस्थित नारायणी अस्पताल, बागमती प्रदेशको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँके, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमा एचपिभी खोप लगाइने छ । खोप अभियान यही भदौ ३० गतेसम्म सञ्चालन हुने छ ।

बुधबार पहिलो मात्रा दिइने र छ महिनापछि दोस्रो मात्रा खोप दिइने छ । पहिलो मात्रा जहाँ लगाएको हो त्यही नै दोस्रो मात्रा लगाउनुपर्ने हुन्छ । शाखाका प्रमुख डा गौतमले सबै खोप लगाउने अस्पतालमा पुर्‍याइसकेको बताउनुभयो । सरकारले गत असारमा किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउनका लागि २० हजार मात्रा खोप चीनबाट ल्याएको थियो ।

महाशाखाका निर्देशक डा विवेककुमार लालले विश्व स्वास्थ्य सङ्गठनले पनि प्रमाणीकरण गरेको एचपिभी खोप दुई मात्रा लगाएपछि पाठेघरको मुखमा हुने क्यान्सरको सङ्क्रमण ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने बताउनुभयो । यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो । 'ह्युमन प्यापिलोमा भाइरस'ले गर्दा हुनसक्ने महिलाको

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# क्यान्सरविरुद्धको 'एचपिभी' खोप सेवा सुरु

काठमाडौँ, २७ भदौ (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले देशभरका सबै उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपिभी'का खोप उपलब्ध गराउन मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभएको छ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा बुधबार आयोजित कार्यक्रममा 'एचपिभी'का खोपको शुभारम्भ गर्दै उहाँले निकट भविष्यमा सबै उमेर समूहका किशोरीलाई खोप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको हो। उहाँले गाभीले सन् २०२४ बाट खोपको पर्याप्त मात्रा सहयोग गर्ने प्रतिबद्धता आएको जानकारी दिनुभयो। "सीमित स्रोत र साधनका बाबजुत हामीले एचपिभी खोप लगाउन सुरु गरेका छौँ", उहाँले भन्नुभयो, "उमेर समूहलाई ध्यानमा राखेर दिने खोप, यो खोप ७७ जिल्लाका सबै महिला/किशोरीले पाउनुपर्छ। निकट भविष्यमा नेपालका सबै उमेर समूहका किशोरीहरूले यो खोप पाउनुपर्ने हुन्छ, त्यसका लागि मन्त्रालय दृढताका साथ अघि बढ्छ।"

मन्त्री बस्नेतले 'एचपिभी' खोप अस्पताललाई हस्तान्तरणपछि छजना किशोरीले खोप लगाउनुभयो। मन्त्रालयका सचिव डा रोशन पोखरेलले खोपको मात्र कम भएता पनि यसको समानुपातिक वितरण हुने जानकारी दिनुभयो "बागमती प्रदेशमा प्रसूति गृह अस्पतालबाट सञ्चालन भएको छ। खोपको मात्रा सीमित भए पनि आवश्यक सबैलाई पुऱ्याउने मन्त्रालयको कोसिस हो", उहाँले भन्नुभयो।

मन्त्रालयका अर्का सचिव देवकुमारी गुरागाईंले विश्व स्वास्थ्य सङ्गठनमा गरेको प्रतिबद्धताअनुसार रोगको उन्मूलनका लागि पनि खोप अपरिहार्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, "२० हजार खोप छ त्यसले नौ हजार जनालाई मात्र पुग्ने देखिन्छ। अन्तरराष्ट्रिय प्रतिबद्धताका अनुसार पनि हामीले अर्को पटक धेरै मात्रामा खोप भित्रचाएर धेरैभन्दा धेरै किशोरीलाई खोप उपलब्ध गराउनुपर्ने हुन्छ।"

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता कौशल मिश्राले पहिलो मात्राका लागि उमेर खुलेको आधिकारिक प्रमाण पुग्ने कागजात लिएर खोप लगाउन पाइने जानकारी दिँदै अभिभावक, विद्यालय र अस्पताललाई सहजीकरण गर्न आग्रह गर्नुभयो।

परिवार कल्याण महाशाखाको निर्देशक डा विवेककुमार लालले देशभरका छवटा सङ्घीय अस्पताल र सुदूरपश्चिम प्रदेशका लागि डडेल्धुरा अस्पतालबाट सुर्खेत किशोरीलाई बुधबारदेखि पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी' दिइएको हो। तर कोशी प्रदेशले बिहीबारदेखि खोप कार्यक्रम सञ्चालन गर्ने उहाँले जानकारी दिनुभयो।

उक्त खोप १४ वर्ष उमेर पूरा भई १५ वर्ष पूरा नभएका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि खोप 'डेमोस्ट्रेसन'का रूपमा दिइन थालिएको हो। उक्त खोप २०६५ भदौ ३० देखि २०६६ भदौ २० गतेम्म जन्मेका किशोरीलाई दिइँदै छ।

बुधबार मधेस प्रदेशको वीरगञ्जस्थित नारायणी अस्पताल, बागमती प्रदेशको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान र लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँकेबाट खोप लगाउन सुरु भएको हो। यस्तै, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमा एचपिभी खोप लगाइने छ। खोप अभियान यही भदौ ३० गतेसम्म सञ्चालन हुने छ।

यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो। 'ह्युमन प्यापिलोमा भाइरस'ले गर्दा हुनसक्ने महिलाको पाठेघरको मुख, यौनाङ्गको क्यान्सर तथा यौनाङ्गमा हुने मुसाबाट खोपले बचाउँछ। नेपालमा महिलालाई पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी लाग्ने गर्दछ। सरकारले गत असारमा किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउनका लागि २० हजार मात्रा खोप चीनबाट ल्याएको थियो। बुधबार पहिलो मात्रा दिइने र छ महिनापछि दोस्रो मात्रा खोप दिइनेछ।

एचपिभी खोप लगाएपछि किशोरीमा खोप लगाएको ठाउँमा दुख्ने तथा सुन्निने, टाउको दुख्ने, वाकवाकी लाग्ने, थकान महसुस हुने, रिङ्गटा लाग्ने, ज्वरो आउनेजस्ता समस्या देखिने गर्दछन्। खोप एलर्जी भएमा वा पहिलो मात्रा लगाएर कडा किसिमको प्रतिक्रिया भएमा, ज्वरो आएको अवस्थामा र गर्भवती अवस्थामा खोप नलगाउन आग्रह गरिएको छ।

## पाठेघरको मुखको...

पाठेघरको मुख, यौनाङ्गको क्यान्सर तथा यौनाङ्गमा हुने मुसाबाट खोपले बचाउँछ। नेपालमा महिलालाई पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी लाग्ने गर्दछ।

सरकारी तथ्याङ्कानुसार सन् २०२० को प्रतिवेदनअनुसार दुई हजार दुई सय ४४ महिलामा पाठेघरको मुखको क्यान्सर देखिएकामा एक हजार चार सय ९३ (६६ दशमलव पाँच प्रतिशत) को मृत्यु भएको छ। पाठेघरको मुखको क्यान्सर ३५ वर्षदेखि ६४ वर्षका उमेर समूहका महिलामा धेरै हुने गरेको छ। महिलामा असुरक्षित यौन सम्पर्क, धुम्रपान र सानै उमेरमा विवाह गर्नेजस्ता कारणले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ।

एचपिभी खोप लगाएपछि किशोरीमा खोप लगाएको ठाउँमा दुख्ने तथा सुन्निने, टाउको दुख्ने, वाकवाकी लाग्ने, थकान महसुस हुने, रिङ्गटा लाग्ने, ज्वरो आउनेजस्ता समस्या देखिने गर्दछन्। खोप एलर्जी भएमा वा पहिलो मात्रा लगाएर कडा किसिमको प्रतिक्रिया भएमा, ज्वरो आएको अवस्थामा र गर्भवती अवस्थामा खोप नलगाउन आग्रह गरिएको छ।

## विभिन्न विपद्‌को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५२३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### नयाँ नक्साले हिन्द-प्रशान्त क्षेत्रमा तनाव बढाउँदै

क्यानबेरा, २७ भदौ (रासस/एएनआई)।
चीनले हालै जारी गरेको राजनीतिक नक्साले हिन्द-प्रशान्त क्षेत्रका देशको सार्वभौमसत्ता संरक्षणमा तनाव बढाउने भएको छ। बेइजिङको निर्णयले यस क्षेत्रमा द्वन्द्व भड्काउने भएकाले टकराबको बाटो त्यागेर अघि बढ्नु चीनका निम्ति पनि लाभदायी हुने विश्लेषक बताउँछन्।

चीनको पछिल्लो कदमले दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)का सदस्य मुलुक रुष्ट भएका छन्‌भने बेइजिङका एशियाली प्रतिद्वन्द्वी जापान र भारतले पनि असन्तुष्टि जनाएका छन्। कूटनीतिक कामको उच्च सम्भावना छ।

चीनले नयाँ नक्सामार्फत दक्षिण चीन सागरका साथै जापान र भारतका केही भागसहित ९० भन्दा बढी क्षेत्रमा दाबी गरेपछि हिन्द-प्रशान्त क्षेत्रमा कूटनीतिक भिडन्त र सैन्य झडपसँगै हुने आशङ्का अष्ट्रेलियन नेसनल युनिभर्सिटीका कानुनका प्राध्यापक डोनाल्ड रोथवेल व्यक्त गर्नुहुन्छ।

चीन र अमेरिकाबीच पहिलेदेखि नै जारी द्वन्द्वमा अमेरिकाले आसियान मुलुकको साथ पाउने उहाँ बताउनुहुन्छ। हिन्द-प्रशान्त क्षेत्रका साथै चीन र भारतबीच तनाव हुन नदिन कूटनीतिक प्रयास हुनुपर्नेमा उहाँको जोड छ।

चिनियाँ नक्साले सशस्त्र द्वन्द्वलाई बढावा दिने प्राध्यापक रोथवेल ठान्नुहुन्छ। चिनियाँ जनमुक्ति सेनाले नयाँ नक्साका आधारमा चीनको सार्वभौमसत्ता र क्षेत्राधिकारको रक्षामा जोड दिन खोज्नेछन् जसले टकराव निम्त्याउने छ। आसियान मुलुकका डुङ्गा र पानीजहाजको चीनले आफ्नो दाबी गरेको जलक्षेत्रमा रोकिएपछि द्वन्द्व बढ्ने उहाँ बताउनुहुन्छ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले चिनियाँ तटरक्षकले हालै गरेको कारवाहीको विरोध गर्नुभएको छ। उहाँले चीनसँग सङ्घर्ष नचाहेको स्पष्ट गर्दै आफ्नो समुद्री अधिकार सुनिश्चित हुनुपर्ने बताउनुभएको छ। आफ्नो समुद्री क्षेत्राधिकारलाई लिएर मलेसियाले पनि आवाज उठाएको छ। उसले चीनको दाबीलाई मान्यता नदिने स्पष्ट पारेको छ।

गत बिहीबार इन्डोनेसियाको राजधानी जाकार्तामा आसियान शिखर सम्मेलनका क्रममा भएको पूर्वी एसिया र आसियान-भारत शिखर सम्मेलनलाई सम्बोधन गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीले चीनलाई कडा सन्देश पठाउँदै कोभिड-१९ पछिको विधिमा आधारित विश्व व्यवस्थाका पक्षमा लाग्न आसिन नेताहरूलाई आह्वान गर्नुभएको थियो। उहाँले सबै देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षाका संयुक्त प्रयास अपरिहार्य भएको बताउनुभयो।

यसअघि नै भारतको विदेश मन्त्रालयले उक्त नक्साप्रति आपत्ति जनाउँदै आधारहीन नक्साले आपसी सम्बन्धमा आघात पुग्ने बताएको थियो। नक्सा जारी भएपछि चीनसँगको सीमा क्षेत्रमा भारतले सैन्य अभ्यास आरम्भ गरिसकेको छ। यस्ता गतिविधिले जटिलता थप्ने प्राध्यापक रोथवेल बताउनुहुन्छ।

चीनको प्राकृतिक संसाधन मन्त्रालयले प्रकाशन गरेको नक्साको नयाँ संस्करणबाट असन्तुष्ट भएका आसियानका पाँच सदस्य मलेसिया, फिलिपिन्स, इन्डोनेसिया, भियतनाम र ब्रुनाईले सार्वजनिक वक्तव्य जारी गरेर चीनको आलोचना गरेका थिए। दक्षिण अफ्रिकाको जोहानेसबर्गमा भएको ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सम्मिलित ब्रिक्स शिखर सम्मेलनमा चीनका राष्ट्रपति सी चिनफिङले 'आधिपत्यवाद चीनको डीएनएमा छैन' भने पनि नयाँ नक्साबाट उक्त भनाइको खण्डन भएको आसियान नेताहरूले बताएका थिए।

"फिलिपिन्सले चीनको मानक नक्साको २०२३ संस्करणलाई अस्वीकार गर्दछ ...फिलिपिन्सका विशेषता र सामुद्रिक क्षेत्रहरूमा चीनको कथित सार्वभौमसत्ता र क्षेत्राधिकारलाई वैधानिक बनाउने यो पछिल्लो प्रयासको अन्तरराष्ट्रिय कानून, विशेष गरी सन् १९८२को संयुक्त राष्ट्रसङ्घीय महासन्धिअन्तर्गत कुनै आधार छैन," मनिलाले एक वक्तव्यमा भनेको थियो। यसैबीच, चीनले सम्बद्ध सबैलाई वस्तुनिष्ठ, संयमित हुन आह्वान गर्दै आफ्ना नागरिकको सुविधा एवं जानकारीका निम्ति नयाँ नक्सा जारी गरिएको स्पष्ट गरेको छ।

### रुसी राष्ट्रपतिलाई भेटेर नेता किम स्वदेश प्रस्थान

मस्को, २७ भदौ (रासस/एएफपी)।
आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनसँग शिखर वार्ता गरेर उत्तर कोरियाली सर्वोच्च नेता किन जोङ उन स्वदेश प्रस्थान गर्नुभएको छ। भ्लादिभोस्तकबाट करिब एक हजार किलोमिटर टाढा रहेको साइबेरियाको अमुर क्षेत्रको रुसी अन्तरिक्ष केन्द्रमाराष्ट्रपति पुटिनसँग शिखर वार्ता गरेर नेता किम आफ्नो अभेद्य रेलमा स्वदेश फर्कनुभएको रुसी समाचार संस्था आरआईए नोवोस्तीले जनाएको छ। उहाँ राष्ट्रपति पुटिनको निमन्त्रणामा रुस भ्रमणमा हुनुहुन्थ्यो।

वार्ताका क्रममा उत्तर कोरियाली नेताले राष्ट्रपति पुटिनलाई मस्कोका सेनाले आफ्ना शत्रुहरूमाथि 'महान् विजय' हासिल गर्ने आश्वासन दिनुभएको रुसी समाचार समितिहरूले जनाएका छन्। उहाँले रुसी सेनाको प्रशंसा गर्दै युक्रेन युद्ध जित्ने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति पुटिनले दुई देशबीचको सहयोग र मत्री भविष्यमा अझ सुदृढ हुने विश्वास व्यक्त गर्दै रुस र उत्तर कोरियाको समृद्धिको कामना गर्नुभएको थियो। उत्तरबाट हतियार आपूर्ति तथा रुसबाट जासुसी उपग्रह अन्तरिक्षमा प्रक्षेपण गर्नेप्रविधि हस्तान्तरण तथा खाद्यान्नलगायत सहयोगबारे विस्तृत विवरण प्राप्त भइसकेको छैन।

# सबल नेपालले दर खाने कार्यक्रम मनायो



**दैनिक समाचारदाता राजविराज, २७ भदौ ।** सबल नेपाल नामक गैरसरकारी संस्थाले हिन्दु नेपाली महिलाको महत्वपूर्ण चाड तिजको अवसरमा बुधबार दर खाने कार्यक्रमको आयोजना गरेको छ ।

राजबिराजस्थित सबल नेपालको केन्द्रीय कार्यालयमा आफ्ना महिला कर्मचारी तथा पदाधिकारीहरुका लागि दर खाने कार्यक्रमको आयोजना गरेको हो ।

सबल नेपालका अध्यक्ष जुना गिरीको अध्यक्षता तथा संस्थाका पदाधिकारी तथा महिला कर्मचारीहरूको सहभागितामा धुमधामका साथ दर खाई नाचगानसहित कार्यक्रम मनाइएको छ ।

सो अवसरमा अध्यक्ष गिरीले हरितालिका तिजको ब्रतअघि मीठा–मीठा परिकार बनाएर दर खाने प्रचलन रहिआएकाले दरमा खिर, हलुवा, दही, दुध, मिठाइ, फलफूललगायतका परिकार खाने गरेको बताईन ।

धार्मिक मान्यताअनुसार सत्ययुगमा पार्वतीले शिवलाई स्वामी पाउँ भनि निराहार ब्रत बसेको र उनको कामना पूरा भएको विश्वासका आधारमा युवतीले राम्रो पति पाउन र विवाहितले पतिको सुस्वास्थ्य, दीर्घायु र प्रगतिको कामना गर्दै ब्रत बस्ने चलन रहिआएको अध्यक्ष जुनाको भनाई छ ।

यस पालि दर खाने दिन भदौ ३१ गते रहेको छ भने असोज १ गते हरितालिका तिज परेको छ ।

सो अवसरमा सबल नेपालका निर्देशक दिपक झा, संस्थापक सदस्य आयुष श्रेष्ठ, परमेश्वर झा, अशोक साह, पत्रकार चन्दन यादव लगायत पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# एसईई खारेज गर्ने प्रस्ताव

**दैनिक समाचारदाता राजविराज, २७ भदौ ।** माविको शिक्षक हुन एमए गर्नुपर्ने, एसईई खारेज गर्ने सरकारको प्रस्ताव एसईई खारेज गर्ने प्रस्तावसहितको 'विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० संसदमा दर्ता भएको छ ।

बुधबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राईले संसदमा विधेयक दर्ता गरेका हुन् । नयाँ विधेयकमा माध्यामिक तह उतीर्ण परीक्षा १२ कक्षामा मात्रै लिन सुझाव दिइएको छ ।

अहिलेसम्म राष्ट्रिय परीक्षा बोर्डले एसईई परीक्षा लिइरहेको छ । कक्षा ९, १० र ११ को परीक्षा भने विद्यालयले नै लिने व्यवस्था ऐनमा राखिएको छ। यस्तै कक्षा ८ को परीक्षा मात्र स्थानीय तहले लिन प्रस्ताव गरिएको छ ।

सरकारले टेबल गरेको विधेयक अनुसार अब माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा १२ कक्षाको मात्रै राष्ट्रिय परीक्षा बोर्डबाट लिइने छ ।

यसैगरी, संसद्मा दर्ता गरिएको शिक्षा ऐन संशोधन विधेयक अनुसार अब माध्यमिक तहमा अध्यापन गराउने शिक्षकको शैक्षिक योग्यता स्नातकोत्तर एमए उत्तीर्ण गरेको हुनुपर्ने छ ।

आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको मूल विषयको प्रश्न पत्र सम्बन्धित शिक्षा कार्यालयले र ऐच्छिक विषयको प्रश्नपत्र स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रहेर निर्माण गर्नु पर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा शिक्षकको सरुवा स्थानीय तह अन्तर्गतका एउटा विद्यालयबाट अर्को विद्यालयमा गर्न सकिने प्रस्ताव छ । विधेयकमाथि छलफल गर्न समितिमा पठाउने सम्भावना छ ।

संविधानले विद्यालय तहसम्मको अधिकार स्थानीय सरकार मातहत हुने व्यवस्था गरेको छ । तर, उक्त प्रावधानको विरुद्ध दलगत शिक्षक संगठनहरुले विरोध गर्दै आएका छन् ।

निजी विद्यालय सञ्चालकहरुले पनि विधेयकको विरोध गर्दै आएका छन् । गएको साउन १६ गतेको मन्त्रीपरिषद्ले विधेयक सदनमा दर्ता गर्ने निर्णय गरेको थियो । तर विभिन्न पक्षबाट विरोध भएपछि सरकार त्यतिबेला विधेयक दर्ता गर्नबाट पछि हटेको थियो ।

## राजविराज नगरपालिका

७ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१
च.न. ५९५

मिति :- २०८०/०३/२७

## राजविराज नगरपालिका

### ०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

जिल्ला ससरी राजविराज नगरपालिका वडा नं ०७ बस्ने स्व. गणेश नायक सुडीको छोरा सरयुग नायक सुडी को मिति २०६४/१०/१८ गते र निजको पत्नी प्रेम लाल महासेठको छोरी लालती देवी सुडीको मिति २०६९/०५/१५ गते आफनै कालगतीले स्वर्गवास भएको हुनाले मृतक को छोरा अमित नायक तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरी भनी मिति २०८०।०५।२७ गते मा दं. नं. २१५ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानुन बमोजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ ।

**तपसिल**

स्व.लालती देवी सुडी को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.बि.स./न.पा. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सप्तरी | राजविराज | ५ क हाल ८ | ४६०२ | ०-०-२ |
| २ | सप्तरी | राजविराज | ५ क हाल ८ | ४६०४ | ०-०-१.२५ |
| ३ | सप्तरी | राजविराज | ३ हाल ४ | २५६ | ०-०-३.५ |
| ४ | सप्तरी | राजविराज | ३ हाल ४ | ३२० | ०-०-२ |
| ५ | सप्तरी | मलेठ | ७ ख हाल रा.बि. ९ | ३४३ | ०-०-७.५ |
| ६ | सप्तरी | मलेठ | ७ ख हाल रा.बि. ९ | ३७४ | ०-०-१२.५ |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष

## *विद्यालय सञ्चालनको ...*

सीमामा निजी विद्यालयले शुल्क लिन पाउने छन् ।

सार्वजनिक विद्यालयले भने शुल्क लिन पाउने छैन । नयाँ निजी विद्यालयको सञ्चालन गुठी (बोर्ड अफ ट्रष्टी) को मातहत हुनेछ भने हाल सञ्चालनमा रहेका निजी विद्यालय गुठीमा जान भने बाध्य हुने छैन ।

यस विधेयकले शिक्षकको तलब वृद्धिको अधिकतम् दर, मिति २०७५ चैत ४ पछि नियुक्त हुने शिक्षकको निवृत्तिभरण कोष ऐन, २०७५ को व्यवस्था समेतका आधारमा कट्टा हुने र थप हुने रकम नियमावलीबमोजिम निर्धारण हुने प्रबन्ध गरेको छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अभिभावकमध्येबाट चयन हुनेछ । यसैगरी विद्यालय कर्मचारीका लागि कर्मचारीका लागि सुविधाको व्यवस्था गरिएको छ । विधेयकमा नेपाल शिक्षक महासङ्घका पेसागत मागलाई अधिकतम् सम्बोधन गरिएको जनाइएको छ ।

## *डीभी भर्ने शिक्षकको ...*

गरिएको छ । त्यतिमात्र नभएर भविष्यमा सरकारी सेवाका लागि नै अयोग्य हुने प्रावधान ऐनमा छ ।

ऐनको दफा ८८ मा शिक्षकहरूलाई पदबाट हटाउने वा बर्खास्त गर्ने व्यवस्था छ । उक्त दफाको उपदफा १ मा पदबाट हटाउने ११ वटा प्रावधान समेटिएको छ । उपदफा २ मा भविष्यमा सरकारी सेवाका लागि समेत अयोग्य हुने गरी बर्खास्त गर्ने तीनवटा बुँदा समेटिएका छन् । भविष्यमा सरकारी सेवाकै लागि अयोग्य ठहर्नेमध्येको एउटा पवधान हो- विदेशी मुलुकको आवासीय अनुमति लिएको वा लिनका लागि आवेदन दिएको अवस्था ।

अमेरिकाका लागि डाइभर्सिटी भिसा डीभी भर्ने, अस्ट्रेलिया, क्यानडा, न्युजिल्यान्डसहित अन्य देशमा स्थायी बसोबास अनुमति पीआरका लागि दर्खास्त दिनेसहितका गतिविधि गरे शिक्षकलाई भविष्यका लागि सरकारी सेवाकै लागि अयोग्य हुने गरी बर्खास्त गर्ने व्यवस्था प्रस्तावित ऐनमा छ ।

यस्तै, कडा प्रावधान नागरिकता उमेर वा योग्यता ढाँट्नेका लागि पनि राखिएको छ । उपदफा २ ग का अनुसार शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा पदबाट हटाउने वा बर्खास्त गरिने छ ।

त्यसबाहेक भ्रष्टाचार, जालसाजी, ठगी, लागुऔषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, चोरी, आगजनी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिने शिक्षक भविष्ययमा सरकारी सेवाका लागि अयोग्य हुने गरी बर्खास्तीमा पर्ने छन् ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**बाढी/पहिरोबाट सतर्क रहौं ।**
– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।
**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*